सुदूरपश्चिम विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,
महेन्द्रनगर कञ्चनपुर ।

**४ वर्षे स्नातक तह व्यवस्थापन संकाय वि.वि.एस. पहिलो (आंशिक), दोस्रो, तेस्रो र चौथो वर्षको परीक्षा दिने परीक्षार्थीहरुलाई परीक्षा आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**सूचना प्रकाशित मिति : २०७८ । ६ । १५ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०७८ सालमा संचालन हुने वार्षिक परीक्षा प्रणाली अनुसार ४ वर्षे स्नातक तह व्यवस्थापन संकाय **(वि.वि.एस) पहिलो (आंशिक), दोस्रो, तेस्रो र चौथो** वर्षका नियमित (पुरा तथा आंशिक) परीक्षा दिने परीक्षार्थीहरु स्वयम्ले निम्न विवरण अनुसार परीक्षा आवेदन फाराम भरी आ-आफ्नो क्याम्पस/विभागमा मिति **२०७८ मंशिर ७ गते सम्म** बुझाउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

- आंशिक परीक्षार्थीले गत सालको सोही खण्डको परीक्षा दिएको रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाउँमा अनिवार्य लेख्नु पर्ने छ ।
- फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्ने छ ।
- फाराम भर्दा वि.वि को नियमावली/(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरु मात्र भर्न भराउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।
- परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ।
- क्याम्पस/विभागले फाराम बुझाउनु अगाडि आन्तरिक मूल्यांकनको परीक्षामा उत्तीर्ण विद्यार्थीका मात्र फाराम बुझी भरेका प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी एक प्रति प्रिन्ट सहित CD मा अथवा प.नि.का. को ईमेल ठेगाना **info@fwuexam.edu.np** मा राखी उपलब्ध गराउनु पर्ने छ ।
- परीक्षार्थीले हालसालै खिचेको दुईप्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी क्याम्पस प्रमुख/विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।
- क्याम्पस/विभागको हकमा :- पहिलो म्याद सकिएको २ दिनभित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैङ्क भाउचर सु.प.वि.प.नि.का. को नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ या नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००००१ मा एकमुस्ट दस्तुर रकम तिरेको बैङ्क भाउचर सहित अनिवार्य बुझाउनु पर्नेछ र उक्त भाउचर बनाएको २ दिनभित्र परीक्षा आवेदन फाराम उक्त भाउचर सहित परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ, अन्यथा विलम्ब शुल्क विभागले/क्याम्पसले नै तिर्नु पर्ने छ ।
- म्याद सकिएको ७ दिन भित्र दोब्बर दस्तुर लिई फाराम बुझिनेछ ।
- परीक्षा शुल्क :- प्रति खण्ड स्नातक तहलाई रु ९०० लाग्नेछ ।
- प्रयोगात्मक शुल्क :- प्रति खण्ड प्रति विषय स्नातक तहका लागि रु २०० का दरले लाग्ने छ ।
- थप जानकारिका लागि प.नि.का.को **Website: www.fwuexam.edu.np, या exam.fwu.edu.np** मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक